# स्थानीय राजपत्र

## शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८) शेरावगर, नुवाकोट, २०८१ साल पुष २९ गते (संख्याः १४

# भाग – २

**शिवपुरी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## स्वास्थ्य प्रयोगशाला सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०९/२८

**प्रस्तावनाः**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस शिवपुरी गाँउपालिकामा सामान्य स्वास्थ्य ल्याव सेवा प्राप्त गर्न गाउँपालिकाका बासिन्दाहरुलाई अन्य स्थानमा गई सेवा लिँदा ल्याबसेवा भन्दा बढी रकम यातायात खर्च व्यहोर्नु पर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्न साथै गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले यस गाउँपालिकामा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य प्रयोगशाला सेवा सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) अनुसार शिवपुरी गाँउपालिकाको **स्वास्थ्य प्रयोगशाला सेवा सञ्चालन कार्यविधी, २०८१** तयार गरिएको छ ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भः

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यबिधिको नाम **"शिवपुरी गाँउपालिकाको स्वास्थ्य प्रयोगशाला सेवा सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"व्यवस्थापन समिति"** भन्नाले विधिवत गठन भएको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ख) **"सुरक्षित मातृत्व सेवा"** भन्नाले गर्भवती, प्रसुती र सुत्केरी सेवा सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले शिवपुरी गाउँपालिका सम्झनु पर्छ ।

(घ) **"बालबालिका"** भन्नाले ५ (पाँच) बर्ष मुनिका सबै बालबालिकालाई सम्झनु पर्छ ।

(ङ) **"जेष्ठ नागरिक"** भन्नाले ६० बर्ष पुरा गरेका सबै नेपाली नागरिकलाई सम्झनु पर्छ।

(च) **"कार्यपालिका"** भन्नाले शिवपुरी गाउँकार्यपालिका सम्झनु पर्छ ।

(छ) **"स्वयंसेविका"** भन्नाले स्वास्थ्य सेवामा कार्यरत "राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु" सम्झनु पर्छ ।

(ज) **"पूर्ण अशक्त तथा अति अशक्त अपाङ्ग"** भन्नाले नेपाल सरकारले वर्गिकरण गरेका "क" वर्ग तथा "ख" वर्गका अपाङ्गहरु सम्झनु पर्छ ।

## परिच्छेद-२
## स्वास्थ्य प्रयोगशाला ब्यवस्थापन

३. **रकम ब्यवस्थापनः** गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुन सक्ने बार्षिक खर्च रकम अनुमान गरी नियमानुसार आवश्यक बजेटको ब्यवस्था गर्ने छ ।

४. **स्वास्थ्य प्रयोगशाला सञ्चालन प्रकृयाः** गाउँपालिकाले देहाय बमोजिम स्वास्थ्य प्रयोगशाला सञ्चालन गर्नेछः

(क) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरुमा गाउँपालिकाले गाउँपालिकाको आवश्यकता र क्षमताको आधारमा स्वास्थ्य प्रयोगशाला सेवा सञ्चालन गर्नेछ ।

(ख) गाउँपालिकाले सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरी आंशिक वा पूर्ण सहयोगमा पनि स्वास्थ्य संस्थामा स्वास्थ्य प्रयोगशाला सेवा सञ्चालन गर्नेछ ।

(ग) गाउँपालिकामा राख्ने संघ वा प्रदेश सरकारबाट सञ्चालित स्वास्थ्य प्रयोगशाला सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक (ल्याव असिस्टेन्ट/टेक्नीसियन) ल्याव उपकरण, सामाग्री तथा Lab Reagent र Chemical हरु गाउँपालिकाबाट उपलब्ध गराउने गरी व्यवस्थापन गर्नेछ ।

(घ) आपूर्ति प्रकृया बमोजिम केहि ल्याव उपकरण, सामाग्री तथा Lab Reagent र Chemical हरु सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले आफै पनि व्यवस्थापन गर्न सक्नेछन् । यसरी व्यवस्थापन गर्दा प्रचलित ऐन नियमको पालना गर्नुपर्नेछ ।

(ङ) गाँउपालिका क्षेत्रभित्रका स्वास्थ्य प्रयोगशालाहरुबाट सुरक्षित मातृत्व अवस्थामा प्रदान गरिने सम्पुर्ण प्रयोगशाला परीक्षणहरु प्याकेजमै निःशुल्क गरिनेछ । प्याकेज परीक्षण बाहेक अन्य परीक्षणको तोकिए बमोजिमको सेवा शुल्क लाग्नेछ ।

(च) गाँउपालिका क्षेत्रभित्रका अन्य स्वास्थ्य प्रयोगशालामा खटिने प्राविधिक कर्मचारी (ल्याव असिस्टेन्ट वा ल्याव टेक्निसियन) लाई प्रति दिन रु. ७००।- भत्ता र नियमानुसार यातायात खर्च प्रदान गरिनेछ ।

(छ) गाँउपालिका क्षेत्रभित्रका स्वास्थ्य प्रयोगशालामा आवश्यक पर्ने फर्म, विभिन्न ढाँचाका रजिष्टरहरु छपाई तथा ढुवानी गरी व्यवस्थापन गरिने छ ।

## परिच्छेद ३
## सेवा शुल्क सम्बन्धी व्यवस्था

**५. सेवा शुल्कः** यस गाउँपालिका अन्तर्गत सञ्चालित E वर्गका स्वास्थ्य प्रयोगशाला सेवाको सेवा शुल्क देहाय बमोजिम हुनेछ । अस्पतालको हकमा गाउँपालिकाको समन्वयमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम अन्य प्रयोगशाला परीक्षणहरु थप गरी सेवा शुल्क निर्धारण गर्न सक्नेछ ।

| S.N | Name of tests | Rate | S.N | Name of tests | Rate |
|---|---|---|---|---|---|
| 1 | CBC | 200 | 21 | HCV RDT | 200 |
| 2 | Hb | 50 | 22 | Widal test | 100 |
| 3 | WBC | 50 | 23 | H pyolori test | 300 |
| 4 | ESR | 50 | 24 | Urine R/E | 50 |

| S.N | Name of tests | Rate | S.N | Name of tests | Rate |
|---|---|---|---|---|---|
| 5 | DC | 80 | 25 | Stool R/E | 50 |
| 6 | Platelets | 50 | 26 | Stool occult blood test | 100 |
| 7 | Bleeding Time | 80 | 27 | VDRL | 200 |
| 8 | Clotting Time | 80 | 28 | Sugar Fasting (F) | 50 |
| 9 | HIV | 200 | 29 | Sugar PP (P) | 50 |
| 10 | HBsAg | 200 | 30 | Sugar Randam (R) | 50 |
| 11 | ASO | 200 | 31 | Urea | 180 |
| 12 | CRP | 180 | 32 | Creatinine | 160 |
| 13 | RA Factor | 100 | 33 | Uric Acid | 100 |
| 14 | HCG | 50 | 34 | Bilurubin | 200 |
| 15 | Blood Group & RH Typing | 50 | 35 | Total cholesterol | 200 |
| 16 | Mantoux Test | Free | 36 | Sputum AFB test | Free |
| 17 | Malaria Parasite | Free | 37 | Triglyceride | 200 |
| 18 | Calcium | 200 | 38 | ANC Package | Free |
| 19 | Serum Albumin | 180 | 39 | Urine Albumin | 80 |
| 20 | Urine R/E,M/E | 50 | 40 | Stool R/E,M/E | 50 |

ANC Package Test:

| SN | Tests |
|---|---|
| 1 | Haemoglobin |
| 2 | Blood Grouping |
| 3 | Urine Protein |
| 4 | Urine sugar |

| SN | Tests |
|---|---|
| 5 | VDRL |
| 6 | HBsAg |
| 7 | Retro Virus |
| 8 | HCG |

माथि उल्लेखित सेवा शुल्कहरु पहिलो पटक यसै बमोजिम हुनेछ र आगामी आर्थिक वर्षदेखि गाँउपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(क) गर्भवती र पूर्ण अशक्त (क वर्ग) बिरामीका लागि गरिने परिक्षण निःशुल्क हुनेछ।

(ख) जनस्वास्थ्य कार्यक्रमगत परिक्षण जस्तैः क्षयरोग, कुष्ठरोग, औलो, डेंगु आदि परिक्षण निःशुल्क हुनेछ ।

(ग) कार्यपालिका वा व्यवस्थापन समितिले उपयूक्त ठानेका अन्य परिक्षणहरु पनि निःशुल्क गर्न सक्नेछ ।

माथि क, ख, मा उल्लेखित सेवा परिक्षण बाहेकका परिक्षणहरुको सेवा शुल्क निर्धारण गाँउसभाको निर्णयबाट गर्नेछ । ल्यावसेवा शुल्कबाट प्राप्त भएको सम्पूर्ण आम्दानी सम्बन्धित स्वास्थ्य संस्थाको बैंक खातामा जम्मा गरिनेछ । आर्थिक ऐन नियमानुसार गाँउपालिकाको

स्वास्थ्य संस्थाले नै ल्याव सामग्री आपुर्ति, रिपोर्ट छपाई, तथा ल्याव सम्बन्धि कामलाई प्राथमिकता दिई खर्च गर्न सक्नेछ ।

## परिच्छेद-४
## अनुगमन, मुल्याङकन तथा प्रतिवेदन सम्वन्धि ब्यवस्था

६. **अनुगमन, मुल्याङकन तथा प्रतिवेदनः** यस कार्यक्रमको अनुगमन, मूल्याङ्कन गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष , प्रमुख प्रशासकीय अधिकृत तथा स्वास्थ्य शाखा प्रमुखले गर्नेछ । स्वास्थ्य प्रयोगशालाको मासिक प्रगति प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थाले स्वास्थ्य तथा सरसफाई शाखामा नियमित मासिक रुपमा HMIS 9.3/9.4 बमोजिम पेश गर्नु पर्नेछ ।

## परिच्छेद-५
## विविध

७. **संशोधनः** यस कार्यविधि समय सापेक्ष आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

८. **खारेजी र बचाऊः**

(१) कार्यपालिकाले जुनसुकै समयमा यो कार्यविधिको खारेज गर्न सक्नेछ ।

(२) ल्याब सञ्चालन सम्बन्धि यस पूर्व भए गरेका सम्पूर्ण कार्य यसै कार्यविधि बमवजिम भएको मानिने छ ।

---

**आज्ञाले,**
**बद्रिनाथ लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**